# बिरालाहरु

*ऋषि बस्ताकोटी*

एकाविहानै
चाहे तपाई भान्सामा बस्नुस्
            या गोठमा पस्नुस्
बिरालाहरु तपाईका पछिपछि हुन्छन्
तपाईले तपाईकै
धन्सारको धान जोगाउन
पालेका बिरालाहरु
मानौं संसारका
सर्वोत्कृष्ट दास हुन्
यिनले तपाईको
भलो मात्रै चिताउँछन्
तपाईकै गुणगान मात्रै गाउँछन्
र सधैं तपाईको अघिपछि धाउँछन् ।

तपाईलाई लाग्ला
सधैं न्याउ न्याउ गरेर
पछि लाग्ने माया लाग्दा
बिरालाहरु तपाईका पराइ हुनै सक्दैनन्
तपाईकै रछ्यान चाटेर हुर्केका
उनीहरुले भान्सामा कराइ छुनै सक्दैनन् ।
सुऽऽऽरी भन्न नपाउँदै
सेवामा हाजिर हुने सेवकलाई
तपाई कसरी बाँगो सोच्न सक्नुहुन्छ र ।
तपाईकै भान्सा रुँघेर बस्ने
धन्सार कुरेर बस्ने
इमान्दार रक्षकलाई
तपाई कसरी भक्षक ठान्न सक्नुहुन्छ र ।

तर प्रिय मित्र, सत्य भनुँ
गुन वैगुन चिन्दैनन् बिरालाहरु
मायाको सही परिभाषा बुझ्दैनन् बिरालाहरु
अगाडि पर्दा पाउमै छाँद हाले पनि
पछाडि पर्दा तपाईलाई पुज्दैनन् बिरालाहरु
तपाईले 'सुरी' भन्न नभ्याउँदै
धुरी चढ्छन् बिरालाहरु
तपाईका आँखा अगाडि
जतिसुकै इमान्दार रक्षक देखिए पनि
'मुसा' खोज्ने वहानामा
बिरालाहरुले तपाईको
सर्वस्व छामी सकेका हुन्छन्
तपाईको प्रत्येक आयाम नापी सकेका हुन्छन् ।

त्यसैले प्रिय मित्र
भात छोप्नुस् , दुध लुकाउनुस्
बिरालालाई बुझाएर भान्सा सुरक्षित हुँदैन
आफ्नै 'आची' पनि गुमनाम लुकाउने
बिरालालाई
धन्सारको धान सुम्पेर तपाईको आकांक्षा सुरक्षित हुँदैन ।